# महालेखा परीक्षकको कार्यालय
## Office of the Auditor General
(संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


पत्र संख्या: २०७४/७५
च.नं. १६०३

मिति: २०७४।१२।२५

विषय: **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
वनेपा नगरपालिका
काभ्रेपलाञ्चोक ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४/११/११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएको हुँदा कायम लेखापरीक्षण प्रतिबेदन पाना ६ यसैसाथ छ । प्रारम्भिक प्रतिबेदनलाई सन्दर्भ प्रतिबेदनको रुपमा लिई यो प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा नियमानुसार फछ्र्यौट गरी सम्परीक्षण गर्नु गराउनु हुन अनुरोध गरिएको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

# महालेखा परीक्षकको कार्यालय
## Office of the Auditor General
(संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL

मिति २०७४।१२।२५

श्री प्रमुखज्यू,
वनेपा नगरपालिका,काभ्रेपलाञ्चोक ।

### लेखापरीक्षण प्रतिवेदन

यस कार्यालयबाट वनेपा नगरपालिकाको आर्थिक वर्ष २०७३।७४ को पेश भएका आर्थिक विवरण र सो सँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**आर्थिक विवरण उपर व्यबस्थापन पक्षको जिम्मेवारी**

आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ र प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन संचालन गर्ने तथा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

प्रस्तुत आर्थिक विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा केन्द्रिय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन्:

१. लेखापरीक्षणबाट रु. ६ करोड ४० लाख ५२ हजार बेरुजु देखिएको छ । सो मध्ये असूल गर्नुपर्ने रु. ५ लाख ७९ हजार , नियमित गर्नुपर्ने रु. ८९ लाख ६४ हजार र पेश्की रु. ५ करोड ४५ लाख ९ हजार रहेको छ ।

२. साविकका स्थानीय निकायको सवारी साधन, कम्प्यूटर, फर्निचर लगायतको सम्पत्ति स्थानीय तहमा हस्तान्तरण गरी अभिलेख राख्नु पर्नेमा हस्तान्तरण भएको छैन ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७४।१२।२५ मा लेखापरीक्षण प्रतिबेदन जारी गरिएको छ ।

**कैफियत सहितको लेखापरीक्षण राय**

कैफियत सहितको लेखापरीक्षण रायले त्यहांको वित्तीय विवरणहरुमा पर्ने असर र लेखापरीक्षण प्रतिबेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोवार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ तथा प्रचलित कानून बमोजिम रहेको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

## वनेपा नगरपालिका

## लेखापरीक्षणको प्रतिवेदन

गत वर्षको मौज्दात रु. २ करोड २७ लाख १० हजार समेत रु. २६ करोड ६३ लाख ९४ हजार आम्दानी भएकोमा रु. २० करोड २० लाख २८ हजार खर्च भई रु. ६ करोड ४३ लाख ६६ हजार मौज्दात रहेको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लेखाप्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ बमोजिम गाउं बिकास समितिको हकमा नगदमा आधारित दोहोरो लेखा प्रणाली राख्नुपर्ने व्यबस्था छ । नगरपालिकाले पेश गरेको स्रेस्ता परीक्षण गर्दा गोश्वारा भौचरमा सिलसिलेबार नम्बर नराख्ने, बैंक नगदी कितावमा चेक रकम (बैंक क्रेडिट) मात्र पोष्टिङ गर्ने, पेश्की नजनाउने, काट्नुपर्ने कर नजनाउने, मासिक खर्चको फाँटबारी तयार नगर्ने जस्ता कारणले शिर्षकगत खर्चको विवरणको यथार्थता बारे सुनिस्चितता गर्न सकिएन ।

२. **आन्तरिक नियन्त्रण** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्बन्धमा मूल्यांकन गर्दा निम्नानुसारको व्यहोरा देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ:

२.१. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को पत्रानुसार आर्थिक कारोवार तथा खाता संचालन सम्वन्धी परिपत्रको दफा १७ बमोजिम गाँउपालिका तथा नगरपालिकामा समाहित भएका साविकका निकायको पेशकी तथा बेरुजु अभिलेख समायोजन भएका निकायमा कायम गरी फछ्र्यौट गराउनु पर्ने ।

२.२. सार्वजनिक खरिद ऐनको दफा ६ र ८ अनुसार खरिद योजना तयार तथा खरिद विधि छनौट गरी मितव्ययीता अपनाई आर्थिक कारोवार गर्नु पर्ने ।

२.३. उपभोक्ता समितिलाई विषयगत रुपमा वर्गिकरण र सूचीकृत गरी उनीहरुको लगत अद्यावधिक गर्नु पर्ने, श्रम प्रधान प्रविधिको प्रयोग हुने योजनाहरु मात्र उपभोक्ता समिति मार्फत निर्माण गराउने, उपभोक्ता समितिबाट प्रस्तुत गरी नियममा भएको व्यवस्थाको पालना गर्ने ।

२.४. निकायबाट लक्षित वर्गलाई दिएको अनुदान रकमको खर्च र उपलब्धिको सम्वन्धमा आश्वस्त हुन प्राविधिक मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन प्राप्त गर्नु पर्नेमा गरेको देखिएन ।

२.५. नगरपालिकामाा २०७३ फागुन देखि थप ५ वटा गाउ विकास समिति समेत गाभिएकोमा उक्त निकायको जिन्सी सम्पति केन्द्रिय खातामा ल्याई जिन्सी अभिलेख सवै गा.वि.स. वडाहरुको समेत जिम्मेवारी ल्याई अद्यावधिक गर्नुपर्ने, खप्ने जिन्सी सामानको संकेत प्रदान गर्नुपर्ने, जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन, जिन्सी खाता प्रमाणित गरी राखेको छैन,

२.६. नगरपालिकाले स्रेस्तामा भन्दा वैंकमा कम वा वढी देखिएको सम्वन्धमा हिसाव भिडान गर्ने, वैक खाता र राजस्व दाखिलाको हिसाव भिडान गर्ने, राजस्व आम्दानीको भौचर खडागर्ने, तालुक कांयालयको निरिक्षण, समयमा पेश्की फरफारक गर्ने, आयोजनाको अनुगमन मुल्यांकन गर्ने, आयोजनाको उद्धेश्यमा आइपर्ने जोखिम मुल्यांकन गर्ने, चौमासक रुपमा पेश गर्नु पर्ने विवरण पेश गर्ने, वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा पठाउने, आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार गर्ने, तलवी प्रतिवेदन पारित गर्ने, जस्ता कार्यहरु गरेको देखिएन । कार्यालयले यसतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२.७. **आन्तरिक आम्दानी :** गाविसले आन्तरिक आम्दानी भएको बिवरण पेश गरेको छ तर दैनिक रुपमा कुन कुन शिर्षकमा कति आम्दानी भयो भन्ने बिवरण तयार गरेको छैन, दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन नभएको, गुनासो पेटीका राखी गुनासो व्यवस्थित नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई राखेको छैन, मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक गरेको छैन, कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्वेवारी दिएको छैन, सम्पन्न योजनाको सार्वजनिक लेखापरीक्षण गराएको छैन, सेवा प्रवाहमा नागरिक सुचनाको लागि हेल्प डेस्क र नागरिक वडापत्रको व्यवस्था छैन, म.ले.प.फारम २११ तयार गरेको छैन । कार्यालयको काम कारवाहीलाई विश्वसनीय र प्रभावकारी बनाउन ऐन, नियममा तोकिएको व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

३. **लक्ष तथा प्रगति:** बनेपा नगरपालिकाले यो वर्ष १०० योजना स्वीकृत गरेकोमा ७६ कार्यन्वयन गरेको, २४ कार्यन्वयन नगरेको र ७६ मध्ये ६ सम्पन्न हुन वाकी रहेको जनाएको छ । लक्ष्य अनुसार कार्यसम्पन्न गर्नु पर्दछ ।

४. **आर्थिक विवरण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणाली को सिद्धान्तमा आधारित प्रोदभावी कारोवारमा राख्नु पर्ने, एवं नगरपालिकाले यस नियमावली बमोजिमको आर्थिक कार्यविधि अवलम्बन गरी आय ब्ययको स्रेस्ता राख्नु पर्ने व्यवस्थाछ । नगरपालिकाले आर्थिक कारेवार गर्दा प्राप्त वजेट अनुसार कार्यक्रम वर्गीकृत गरी छुट्टाछुट्टै वैक नगदी किताव तयार गर्नु पर्नेमा सो नगरी चालु र पूजीगत खर्चको वर्गीकरणमा राखि आर्थिक विवरण तयार गरेको छ । यसरी तयार गरिएका आर्थिक विवरणले खर्चको यथार्थ स्थिति नदेखाउने मात्र नभइ शीर्षकगत खर्चको स्थिति समेत मुल्याकन गर्न सकिने स्थिति देखिएन ।

५. **आम्दानी र खर्च :** यो वर्ष चालु खर्चमा आन्तरिक आय वाट रु.१५४९९३४०।– खर्च गरेको छ । यो वर्ष आन्तरिक

आय रु ३००३४९५०।- रहेको छ । आन्तरिक आयको ५१.६० प्रतिशत खुद चालु खर्च रहेकोले विकास निर्माणमा आन्तरिक आयको योगदान कम रहेको देखिएकोले आन्तरिक आय वृद्धि तथा चालु खर्च नियन्त्रण गर्नु पर्ने देखियो ।

६. **प्रशासनिक खर्च :** स्थानिय स्वयत शासन ऐन २०५५ को दाफा १२६(६) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ३४ वमोजिम नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको पच्चीसलाख रुपैयाँसम्म आन्तरिक आम्दानी हुने नगरपालिकाले अधिकतम साठी प्रतिशत, पच्चीस देखि पचासलाख रुपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम चालीस प्रतिशत, पचासलाख देखि एककरोड रुपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम तीस प्रतिशत र एककरोड रुपैयाँ भन्दा बढी आम्दानी हुने नगरपालिको पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न नपाइने व्यवस्था छ । यो नगरपालिकाले योवर्ष रु.३,००,३४,९५०।- आन्तरिक आय गरेको छ । जसको २५ प्रतिशतले हुने रु ७५,०८,७३७।- प्रशासनिक कायंमा खर्च पाइनेमा रु १,२८,१७,८६५।- खर्च लेखेकोले वढी खर्च रु ५३०९१२८।- लेखेकोले नियमसम्मत देखिएन ।

७. **बजेट विनियोजन:** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९६ मा नगरपरिषदले आवश्यकता अनुसार वजेट स्वीकृति दिने व्यवस्था छ । यस नगरपालिकामा आर्थिक वर्ष २०७३/७४ को अनुमानित बजेट स्वीकृत गर्दा अधिक बजेट विनियोजन गरेको कारण प्रस्तावित वजेटको २७.९२ प्रतिशत देखि ९५ प्रतिशत मात्र खर्च भएको पाइयो । अधिक बजेट अनुमान गर्ने कार्यलाई उचित मान्न नसकिने हुदा यथार्थपरक बजेट विनियोजन गर्नु पर्दछ ।

८. **आर्थिक प्रतिवेदन:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६० मा स्थानीय तह गठन हुनु अघि२०७३।११।२७ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा वमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस नगरपालिकामा साविकको ५ गाउँ विकास समितिहरु समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन पेश नगरी वैकमा भएको मौज्दात रु १,२१,०४,७६२।- फिर्ता भएको छैन ।

९. **सम्पत्ती हस्तान्तरण:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउ विकास समिति वा नगरपालिका वा त्यसको कनै वडाको चल अचल सम्पत्ती, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र यस नगरपालिकाले साविक गाँउ विकास समितिमा रहेको कम्प्यूटर, ल्यावटप, प्रिन्टर, आदि सम्पत्ती नगरपालिकाको नाममा हस्तान्तरण भएको पाइएन । सम्पत्ती हस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश वमोजिम नगरपालिकाले साविक गाउविकास समितिले उपलव्ध गराएका विवरणवाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएका सम्पत्तीहरु समेत एकिन गरी स्वामित्वमा लिनुपर्ने देखिन्छ ।

१०. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ८१ गाउपालिका वा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भइ आएका स्थानीय स्तरका कार्यालयहरु संरचना चल अचल सम्पत्ती संरचना गाउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तीको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ती, आयोजना लगायतका संरचनाहरु को लगत तयार गरी यस नगरपालिकाले सार्वजनिक गरेको देखिएन । लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

११. **ढिला दाखिला :** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । नगरपालिका भित्रै पनि यसरी ढिलो दाखिला हुँदा सोको नियन्त्रण र सुधार भएको पाइएन । यस आ.व.मा उठेको रकम १५ दिन भन्दा ढीलो दाखिला गर्दा रु. ५३७५८०१।- जरिवाना लिएको देखिएन । ऐन नियमले तोकिएको अवधिमा रकम दाखिला गरि नगरपालिकाको आय पारदर्शी राख्न पहल गर्नु पर्दछ ।

१२. **नगदी रसिद:** आर्थिक वर्ष २०७३।७४ मा नगरपलिककाले संकलन गर्ने विभिन्न आम्दानीको लागि नगदी रसिद १९ ठेली र कम्प्यूटर रसिदहरु ९४ ठेली जिन्सी खातावाट खर्च लेखेको पाइयो । यसरी खर्च लेखेका रसिदहरु प्रयोग गरेको विवरण सहित राजश्व वा लेखा शाखामा पेश गर्नुपर्नेमा रसिदहरु प्रयोग भए नभएको विवरण खुलाई फिर्ता गरेको पाइएन । जारी भएका नगदी रसिद फिर्ता नगर्दा दुरुपयोग हुन सक्ने, र ति रसिदवाट संकलन भएका आम्दानी हिनामिना हुन सक्ने भएकोले ति रसिदहरुको सम्वन्धमा छानविन गरी फिर्ता गर्नुपर्ने देखिन्छ । कार्यालयले नगदी रसिद नियन्त्रण खाता म.ले.प. फा.नं ११८ पनि राखेको देखिएन ।

१३. **उपभोक्ता समिति:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा

टाँस गर्नु पर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरु प्रयोग गर्न नसकिने व्यवस्था छ।

उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टि नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्चको सार्वजनिक परीक्षण नहुने गरेको देखियों। नियमको पालना गर्नुपर्दछ।

१४. **अनुपातिक भुक्तानी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को दफा १५५ मा स्थानीय निकायले उपभोक्ता समितिसंग कामको सम्झौता गर्दा उपभोक्ता समितिले गर्ने योगदानको रकम खुलाउनु पर्ने र सोही बमोजिम कायम भएको उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भै रनिङ बील र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएमा सोही अनुरूप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने व्यवस्था छ। यस नगरपालिकाले एक उपभोक्ता समितिवाट थानापानी गुठीमा ब्लक छाप्ने कार्य गराएकोमा नियमको व्यवस्था वमोजिम उपभोक्ताको योगदान कम गरी वढी भूक्तानी भएको रु. ३४०९७५९ असुल हुनुपर्दछ।

१५. **लागत सहभागिता :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३० मा जनसहभागिताको मापदण्ड तयार गर्दा नगरपालिकाको हकमा १५ प्रतिशतमा कम नहुने गरी जनसहभागिता एवं लागत सहभागिता निर्धारण गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहाय अनुसार योजना उपभोक्ता समितिवाट कार्यान्वयन गर्दा कार्यविधिको व्यवस्था व्यवस्था अनुसारको लागत सहभागिता नराखी १५ प्रतिशत भन्दा घटी राखी कार्यक्रम कार्यन्वयन गरेको छ। कार्यविधिको व्यवस्था अनुसार जनश्रमदान नलिदा वढी भूक्तानी दिनुपर्ने भई वढी व्ययभार बढी पर्न गएको छ। २९ उपभोक्त समितिले कार्यविधीको व्यवस्था अनुसार घटी जनश्रमदान लिएका कारण वढी व्ययभार परेको रु २,३५,९५२।- अनियमित देखिएको।

१६. **ऋण हिसाव :** कार्यालयले ऋण हिसाव राखेको श्रेस्ता पेश भएको छैन। योवर्ष आन्तरिक ऋणको व्याज वापत भनि नगर विकास कोषलाई रु १०,८३,४७८।- र सावा बापत रु. २१,०३,०३५।- समेत जम्मा रु. ३१,८६,५१३।- तिरेको देखाएको छ। कार्यालयले के वापतमा कुन सर्तमा कहिले कति ऋण लिएको हो सो को अभिलेख तयार गरी मात्र खर्च लेख्ने व्यवस्था विपरित लेखेको खर्च नियमसंगत देखिएन।

१६.१. काभ्रे एकिकृत खानेपानि आयोजना संचालनमा आएको छ। जसमा २०६७।७९ मा एशियाली विकास वैंक र नगर विकास कोष वीच आयोजना संभौता भएको देखिन्छ। २०६९।३।१३ मा काभ्रे, पनौति र बनेपा नगरपालिका र नगर विकास कोष वीच ऋण लगानी रहेको देखियो। संभौता अनुसार नगरपालिकाहरुले कूल लागतको एक तिहाइ रकम व्यहोर्नु पर्ने व्यवस्था छ। असार ३१, २०७४ सम्म उक्त आयोजनामा यस नगरपालिकाले गत विगत बर्षमा रु. ५,९१,७०,०००।- र चालु आ. व. मा रु. ४३,२२,०००।- समेत रु. ६,३४,९२,०००।- लगानी गरेको देखियो। कार्यालयले उक्त कारोवारको अभिलेख तयार गरी राखेको देखिएन। अत तिर्नु पर्ने सावा र व्याजको हिसाव यकिन गरी श्रेस्ता अध्यावधिक गर्नुं पर्दछ।

१७. **सम्पति कर:** गत विगत बर्ष देखिको बक्यौता रु. १२६३,०२५।- बाँकी रहेको देखिन्छ। कार्यालयले एकिकृत सम्पति कर तिर्ने करदाताहरुको लगत अध्यावधिक गरि कर व्यवस्थापन गर्नु पर्ने देखिन्छ।

१८. **करदाता:** कार्यालयले प्रयोग गरेको सफ्टवेयरले दिएको प्रतिवेदन अनुसार जम्मा करदाता संख्या १३२७८ रहेको देखियो। जसमध्ये यो वर्ष मुल्यांकन भएका ७७५८ र मुल्यांकन हुन वाकी ५५२० करदाता रहेको देखिन्छ। मुल्यांकन प्रकृयालाइ समयमै सम्पन्न गरी एकिकृत सम्पति करलाइ व्यवस्थित गर्नु पर्ने देखियो।

१९. **प्रगति विवरण:** स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३६ अनुसार स्थानीय निकायले ऐन, नियम बमोजिम कार्यक्रम वा आयोजनाहरूको चौमासिक र वार्षिक रूपमा प्रगति समीक्षा एवम् मूल्याकंन गर्नुपर्ने, स्थानीय निकायको परिषद्‌बाट स्वीकृत बजेट र कार्यक्रमको एक प्रति नगरपालिकाले मन्त्रालयमा पठाउनु पर्ने, र स्थानीय निकायबाट सञ्चालित कार्यक्रम वा आयोजनाको चौमासिक र वार्षिक रूपमा प्रगति प्रतिवेदन अनुसची-१७, १७.१, १७.२, १७.३ र १७.४ बमोजिमको ढाँचामा तयार गरी तोकिएका प्रगति विवरणहरु तोकिएको समयमा पठाउनु पर्ने व्यवस्थाको पालना भएको देखिएन।

२०. **लेखा ढाचा:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९ मा नगरपालिकाले राख्नुपर्ने स्रेस्ताको ढाँचा उल्लेख गरेको छ। उक्त नियमावलीले गरेको व्यवस्थाको पालना गरी श्रेस्ता राख्ने गरेको देखिएन। नियमको परिपालना हुनु पर्दछ।

२१. **चौमासिक खर्च :** चौमासिक खर्च: कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २१ प्रतिशत, दोश्रो चौमासिकमा १५.६४ प्रतिशत र तेश्रो चौमासिकमा ६३.३४ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ मसान्तमा रु ६६७८१६६६।- (३७.२२) प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।

२२. **वैंक समायोजन:** प्राप्त वैंक स्टेटमेन्ट अनुसार मौज्दात रु ६१०५९७७०।- रहेको छ। कार्यालयले तयार गरेको विवरण अनुसार मौज्दात रु ७७९६४३५२।- रहेको देखियो। कार्यालयले वैंक समायोजन विवरण तयार नगरेको कारण वैक मौज्दातमा देखिएको फरक रु १६९०४५८२।- को सम्वन्धमा भिडान गर्न सकिएन। साथै कार्यालयले आन्तरिक कोषको विवरण तयार नगरेकोले यस सम्वन्धमा केही उल्लेख गर्न सकिएन।

२३. **पसल भाडा :** बनेपा नगरपालिकाको बसपार्कमा रहेको पसल कवल भाडा ६६ जना बिभिन्न व्यक्ति तथा संघ संस्था र समितिलाई भाडामा दिएको देखियो। भाडामा लगाएको मध्ये १० जनाले मात्र पुरा भाडा बुझाएको र ५६ जनाले गत

विगत बर्ष र यस बर्षको पनि भाडा रु. ३२७३६२६।- बुझाउन बाँकी राखेको पाइयो । यसरी समयमा भाडा नदिने ५६ जनालाई हटाउने र सम्झौता अनुसार जरीबाना समेत असुल गर्नुपर्नेमा सो कार्यतर्फ नगरपालिका कृयासील भएको पाईएन । नगरपालिकाको आन्तरिक आय बृद्धि गरि विकास निर्माण गर्न भाडा रकम उठाउन विशेष पहल गर्नुपर्ने देखिन्छ ।

२४. **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार १८९ जनाको नाममा पेश्की वांकी देखाएको छ । कार्यालयको अभिलेख अनुसार गत विगत वर्षको रु २४१२६०५७।- र यो वर्षको चालु र पूँजिगत पेश्की रु ५३१७६१८४।- समेत रु ७७३०२२४१।- लेखापरीक्षण अवधिसम्म फछ्र्यौट भएको देखिएन ।

२५. स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९९ अनुसार नगरपालिकाले नगर विकास योजना कार्यान्वयन गर्ने क्रममा आयोजनाको संभाव्यता अध्ययन गराउनु पर्ने व्यवस्था छ । श्रोत नक्सा अनुसार आयोजनाको छनौट र सम्भाव्यता अध्ययन गर्ने गरेको देखिएन । योजना छनौटको चरणमानै सपूर्वसंभाव्यता अध्ययन गरी योजना तथा कार्यक्रम तयार गर्ने कार्यलाई प्राथमिकता दिनु पर्ने देखिएको छ ।

२६. **लागत अनुमान:-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२७. **सार्वजनिक परीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्वन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नु पर्ने व्यवस्था छ । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्वन्धित निकायमा प्रस्तुत गरेको देखिएन । नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

२८. **आन्तरिक आम्दानी** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद ७ मा गाउ विकास समितिले लगाउन पाउने विभिन्न शिर्षकका कर, सेवा शुल्क, दस्तुर र विक्री गरी आय आर्जन सम्बन्धी व्यवस्था तथा स्थानीय निकाय आथिक प्राशासन नियमावली, २०६४ को अनुसूची ४, ५, र ६ मा करका दरको व्यवस्था गरेको छ । नगरपालिकाले चालु आर्थिक वर्षमा आय विश्लेषण र वर्गीकरण नगरी करका दर मात्र निर्धारण गरी कर असूल गरेको देखियो । अत आम्दानीका शीर्षक तोकिए पनि तिनिहरुको लगत खडा गरी सालवसाली आम्दानी बक्यौता समेत पठाउने व्यवस्था गर्नु जरुरी देखिन्छ ।

२९. **आयोजना हस्तान्तरण:** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं २९ (२) अनुसार आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका स्थानीय पूर्वाधारसम्बन्धी आयोजनाहरूको नियमित रखेदेख र मर्मत संभार कार्यको लागि आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई अनुसूची-१६ बमोजिम हस्तान्तरण गरी दीगो सञ्चालन हुने व्यवस्था मिलाउनु पर्ने व्यवस्था भएकोमा आयोजनाको वर्गीकरण गरी आयोजना हस्तान्तरण गरेको देखिएन । सो व्यवस्थाको परिपालना गराउनु पर्दछ ।

३०. **प्रगति प्रतिवेदन:** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को अनुसुचि १, २, ५, ७, ८, ९, १०, १४, १७, २१, २७ का प्रगति प्रतिवेन संग सम्वन्धीत अनुसुचिहरु तयार नगरेकोले साविक गाउ विकास समितिले गरेका कार्यहरुको उपलव्धी विश्लेषण गर्न सकिएन । उक्त विवरणहरु अध्यावधिक गरी राख्नु पर्ने देखिन्छ ।

३१. **लागत सहभागिता :** स्थानिय निकाय श्रोत परीचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३० अनुसार गाउँ विकास समिति र जिल्ला विकास समितिले दश प्रतिशत र नगरपालिकाको हकमा पन्ध्र प्रतिशतमा कम नहुने गरी लागत सहभागिता निर्धारण गर्नुपर्ने व्यवस्था भएकोमा सो व्यवस्थाको पालना गरेको देखिएन ।

३२. **अनुसूची :** स्थानिय निकाय श्रोत परिचालन कार्यविधि २०६९ ले तोकेका अनुसुचिहरु १, २, ५, ७, ८ १०, १२, १५, १६, १७, १७(१), १७(२), १७(३) र २० नराखेको कारण आर्थिक कारोवारको स्थिति, प्रगतिको स्थिति, संचालित कार्यक्रमहरुको प्रभावकारिता मुल्यांकन गर्न सकिएन । अत कार्यविधिले तोकेका कार्यहरु लागु गर्नु पर्दछ ।

३३. **परिषदको निर्णय:** परिषदले पारित गरेको वजेट अनुसारको वजेट सिंट राखी कार्यक्रम अनुसार खर्च नलेखेको र उपलव्धी विवरण तयार नगरेको कारण पारीत कार्यक्रम र वजेट सोही अनुसार खर्च भएको नभएको भिडान गर्न सकिएन । यसर्थ स्वीकृत कार्यक्रम अनुसार खर्च विवरण तयार गर्नु पर्दछ ।

३३.१. स्थानिय निकाय आ प्र सम्वन्धी नियमावली २०६४ को नियम २५ अनुसार नगर परिषदवाट स्वीकृत वजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कायक्रममा खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त नियमको अनुसुची १८ को वजेट सिट नराखेको कारण निर्धारित कार्यक्रम अनुसार खर्च भए नभएको यकिन गर्न सकिएन ।

३४. **सफ्टवेयर प्रयोग:** कार्यालयले जीन्सी व्यवस्थापन सफ्टवेयरवाट संचालनमा ल्याइएको छ । उक्त सफ्टवेयरको लेखापरीक्षण गरिएको छैन । उक्त सफ्टवेयरले तथ्यांक विश्लेषण गर्न आवश्यक प्रतिवेदनहरु निकाल्न नसकिएका कारण सफ्टवेयर वाट तयार गरिएका विवरण विश्वासनिय देखिएन ।

३५. मिति २०७४।०३।०५ मा स्ट्रकचर एनालासिस र स्टकचर ड्इङ जाच गरेको भनी आरम्भ इन्जिनियरिङ कन्सलटेन्सी प्रा.

लि. पनौतीलाई नक्शापासको लागि पेश भएको नक्शा मध्ये वर्ग क तथा ख भवनको ३९ वटा भवनको दर रु. ५,२९८ मु.अ.कर वाहेक भुक्तानी भएको देखियो । नगरपालिकामा जनशक्ति हुँदा पनि कन्सल्टेन्सीबाट काम गराउनु औचित्यपू नदेखिएको हुँदा उक्त खर्च रु. २,३३,४६५।- अनियमित देखिन्छ ।

३६. मिति २०७३।०५।२० मा धनबहादुर वादेले वैठक भत्ता वितरण गर्न रु. २५,०००।- भुक्तानी लिएकोमा १५ प्रतिशत क कटी रु. ३७५०।- कट्टा गरेकोमा राजश्व दाखिला भएको नदेखिएकोले भौचर पेश गर्ने अन्यथा सम्वन्धित खातामा ३७५०।-राजश्व दाखिला गनुपर्दछ ।

३७. मिति २०७४।०१।१३ मा विष्णु प्रसाद सुवालले जिप खरिद सम्वन्धि वोलपत्र खोल्दा १७ जनाको वैठक भत्ता रु. १७,०००। भुक्तानी लिएकोमा १५ प्रतिशत कर कटा गरि भुक्तानी गरेको देखियो । कायंकारी अधिकृत महेश पराजुलीले रक वुझिलिएको नदेखिएकोले रु. ८५०।-असुल उपर गनुपर्दछ ।

३८. यस आ.व.मा जिन्सीबाट जारी नभएका रसिद प्रयोग गरि आम्दानी गरेको पाइयो । जिन्सी शाखाबाट वुझिलगेको एव आर्थिक वर्ष भित्र खर्च नभए पुन जिन्सी शाखामा फिर्ता गरि आम्दानी वाधी रसिद पुन खर्च लेख्नु पर्नेमा कार्यालयले प्रयोग गरेका रसिदहरु कहिले वुझिलगेको र वुझिलिएको रसिद सवै प्रयोग भएको छ छैन भनी एकिन गर्न नसकिएकोले छानविन गरि पारदर्शी ढङ्गले आम्दानी एकिन गनुपर्दछ ।

**गाउ विकास समितिका साझा व्यहोराहरु:**

३९. **प्रगति प्रतिवेदन :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को अनुसुचि १, २, ५, ७, ८, ९, १०, १४ १७, २१, २७ का प्रगति प्रतिवेन संग सम्वन्धीत अनुसुचिहरु तयार नगरेकोले साविक गाउ विकास समितिले गरेका कार्यहरुको उपलव्धी विश्लेषण गर्न सकिएन । उक्त विवरणहरु अध्यावधिक गरी राख्नु पर्ने देखिन्छ ।

४०. **लागत अनुमान :** निर्माण कार्यको लागत अनुमान तयार गर्दा माटो खन्ने कार्यको लागि मानिस लगाएर गरिने मान्यता अनुसारको विधि अवलम्वन गरेको छ । कार्य गराउदा मेशिन प्रयोग गर्नें हुदा मेशीनको दररेट विश्लेषण गरी कार्य गराउनु पर्दछ । एकाथरीं लागत अनुमान र अर्कोथरी कार्य गर्दा कार्यालयलाई वढी व्ययभार हुने हुदा समयमानै यस्तो कार्यमा सुधार हुनु पर्दछ ।

४१. **कर विजक :** स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ७१ ब्मोजीम स्थानीय निकायलेखरिद गर्दा आन्तरिक राजश्व कार्यालयवाट स्थायी लेखा नम्वर र मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीवाट मात्र खरिद गर्नु पर्ने छ भनि उल्लेख भएकोमा सो व्यवस्थाको पालना भएको नदेखिएकोले नियमको पालना गर्नु पर्दछ ।

४२. **मालपोत :** गाउं विकास समितिले पेश गरेको विवरणमा मालपोत वाट प्राप्त रकम नदेखिएकोले गाउ विकास समितिको मालपोत व्यवस्थापनको को सम्वन्धमा उल्लेख गर्न सकिएन । अत: मालपोतको यथार्थ विवरण तयार गरी अध्यावधिक वनाउनु पर्ने देखिन्छ ।

## टुकुचा नाला गाउँ विकास समिति

४३. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले पन्ध्र दिन भन्दा बढी ढिलो गरेको भएमा पच्चीस प्रतिशत जरिवाना गरि दाखिला गर्न लगाई कसूरको मात्रा बमोजिम प्रचलित कानून अनुसार विभागिय कारवाही समेत गर्न गराउन सक्ने ब्यबस्था रहेको छ । चालु आ.व.को २०७३ फागुन २६ गते सम्ममा गाविसको मालपोत र दस्तुर बापत प्राप्त रकम मध्ये रु.३,८९,६५४।- गाविस सहायक नन्द प्रसाद घिमिरेको नाममा नगदै बाँकी रहेको देखिएकोले जरिवाना समेत सम्बन्धितबाट असूल गरि दाखिला गर्नुपर्दछ ।

४४. गाविस कर्मचारी सहायकस्तर चौथो नन्द प्रसाद घिमिरेलाई गाउँ विकास समितिले पारिश्रमिक वितरण गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टा नगरी भुक्तानी गरेको रु.१,९९४।- असूल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

४५. **पेश्की बाँकी सम्बन्धमा :** स्थानीय निकाय आर्थिक प्रशसान सम्बन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि पेश्की दिएको हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरि पेश्की फर्छ्यौट गर्नुपर्ने ब्यबस्था छ । गतविगत वर्षको रु.१,४३,३००।- र यो वर्षको पेश्की रु.२,२०,४२२।- फर्छ्यौट नभई बाँकी देखिएकोले नियमानुसार पेश्की फर्छ्यौट गर्नुपर्दछ ।

**उग्रचण्डी नाला गाउँ विकास समिति**

४६. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था छ । आ.व.२०६३।६४ को अन्तिम लेखापरिक्षण प्रतिवेदन बमोजिम श्री माधव अधिकारीको नाममा कायम भएको रु.३,१४३।- र श्री सुरज (महेन्द्र) प्रजापतीको नाममा कायम भएको रु.६०,०००।- समेत गरि जम्मा रु.६३,१४३।- कानून बमोजिम संचित कोष दाखिला गर्नुपर्दछ ।

४७. चालु आर्थिक बर्षको साउन देखि फागुन सम्म कर्मचारीहरुलाई तलव भुक्तानी गर्दा नियमानुसार कट्टी गरेको सामाजिक सुरक्षा कर रु.१,५००।- राजश्व खातामा जम्मा गरेको नदेखिएकोले राजश्व खातामा जम्मा गर्नुपर्दछ ।

४८. **निकासा :** गाउँ विकास समिति संचालन अनुदान बापत जिविसको मिति २०७३।०६।२४ को च नं ६०७ को पत्रबाट रु. १,८१,०००।- निकासा प्राप्त भएकोमा गाविसको खाता ग.४.२५२ मा मिति २०७३।६।१४ मा

रु.१,७१,०००।- मात्र जम्मा भएको देखिएकोले रु.१०,०००।- कम निकासा भएको देखिन्छ, निकासा एकिन गर्न गराउनु पर्ने देखिन्छ ।

४९. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशसान सम्बन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि पेश्की दिएको हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरि पेश्की फछ्र्यौट गर्नुपर्ने ब्यबस्था छ। कार्यालयबाट प्राप्त पेश्की फछ्र्यौट गर्न बाँकी बिवरण अनुसार गतविगत वर्षको रु.८,५०,५००।- र यो वर्ष ३व्यक्तिलाई दिइएको पेश्की रु.२,२०,४००।- फर्छ्यौट नभई बाँकी देखिएकोले नियमानुसार पेश्की फर्छ्यौट गर्नुपर्दछ .

**उग्रतारा जनागाल गाउँ विकास समिति**

५०. चालु आर्थिक बर्षमा सामाजिक सुरक्षा कर रु.३१४८।- लेप पारिश्रमिक कर रु.२२५९।- र पारिश्रमिक कर रु.६०००।- समेत गरी जम्मा रु.११४०७।- कट्टा गरेको तर राजस्व दाखिला नभएको हुँदा राजस्व दाखिला गर्नुपर्दछ ।

५१. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशसान सम्बन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि पेश्की दिएको हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरि पेश्की फर्छ्यौट गर्नुपर्ने ब्यबस्था छ। गतविगत वर्षको रु.११,१३,५१९।- र यो वर्षको पेश्की रु.७,०६,६४०।- फर्छ्यौट नभई बाँकी देखिएकोले नियमानुसार पेश्की फर्छ्यौट गर्नुपर्ने देखिन्छ।

**नासिकास्थान साँगा गाउँ विकास समिति**

५२. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशसान सम्बन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि पेश्की दिएको हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरि पेश्की फछ्र्यौट गर्नुपर्ने ब्यबस्था छ। गतविगत वर्षको रु.१८,५९,२१६।- र यो वर्षको पेश्की रु.५०,०००।- फर्छ्यौट नभई बाँकी देखिएकोले नियमानुसार पेश्की फर्छ्यौट गर्नुपर्ने देखिन्छ।

**महेन्द्रज्योती गाउँ विकास समिति**

५३. **आन्तरिक आम्दानी :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद ७ मा गाविसले लगाउन पाउने बिभिन्न शिर्षकका कर, दस्तुर, सेवा शुल्क र बिक्री गरी आय आर्जन सम्बन्धी ब्यबस्था गरेको छ । गाउँ विकास समितिको ग.४ कोष खातामा विभिन्न समयमा बिभिन्न ब्यक्तिका नामबाट नगदै जम्मा भएको रु.२,६४,९००।- लाई बैंक खातामा जम्मा भएको नगद आम्दानी बाँधी आ.ले.प. सम्पन्न भएको उल्लेख भएको छ। गाविसले आम्दानी गरेको नगदी रसिद र मालपोत रसीद उपलब्ध भएको छैन। गाविसमा प्रयोग भएको नगदी र मालपोत सम्बन्धी रसीद के कती छन छानविन गरि बास्तविक आम्दानी एकिन गर्नु पर्ने देखिन्छ।

५४. सामाजिक सुरक्षा कर वापतको रु.२३१।- कट्टी गरी सम्बन्धित राजश्व खातामा दाखिला नगरेको र गाविस सहायक बिष्णु प्रसाद वाग्लेलाई पारिश्रमिक भुक्तानी हुँदा १ प्रतिशत सामाजिक सुरक्षा कर अग्रीम रुपमा कट्टा गरि भुक्तानी दिनु पर्नेमा पुरै रकम रु.१,६९,४८०।- भुक्तानी भएकोमा निजसँग रु.१,६९४।- नगदै असूली गरि सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ।

५५. तत्कालिन गाविस सचिव माधव राउललाई प्रोत्साहान भत्ता वापत रु.७०,०००।- बील भर्पाई बेगर भुक्तानी गरेको देखिएकोले सो असूल गर्नुपर्ने देखिन्छ।

५६. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशसान सम्बन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि पेश्की दिएको हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरि पेश्की फर्छ्यौट गर्नुपर्ने ब्यबस्था छ। कार्यालयबाट प्राप्त पेश्की फर्छ्यौट गर्न बाँकी बिवरण अनुसार गतविगत वर्षमा २४ उपभोक्तालाई रु.१०,८३,९२८।- र यो वर्षको २ कर्मचारीलाई दिईएको रु.१,३६,०००।- पेश्की फर्छ्यौट नभई बाँकी देखिएकोले नियमानुसार पेश्की फर्छ्यौट गर्नुपर्दछ।

**बेरुजु स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु. ६ करोड ४० लाख ५२ हजार बेरुजु देखिएको छ। सो मध्ये असूल गर्नुपर्ने रु. ५ लाख ७९ हजार , नियमित गर्नुपर्ने रु. ८९ लाख ६४ हजार र पेश्की रु. ५ करोड ४५ लाख ९ हजार रहेको छ।